# रासायनिक आपत्कालीन स्थिति

## Chemical Emergencies

A chemical emergency occurs when toxic chemicals are released into the air, put in food or released in water during an accident or attack. The chemicals may be gases, liquids or solids. The chemicals may be harmful to people and the environment. Chemicals may harm people if they are breathed in, absorbed through the skin or swallowed.

Watch for signs of a chemical emergency such as:

- Watery eyes
- Shortness of breath or choking
- Problems with movement or walking
- Confused thoughts
- Twitching movements
- Burning skin

An increase in sick or dead birds, fish or small animals may be another sign of a chemical emergency.

रासायनिक आपत्कालीन स्थिति त्यतिबेला उत्पन्न हुन्छ जब दुर्घटना वा हमलाको बेलामा रसायनहरू हावामा छोडिन्छन्, खानामा मिसाइन्छ वा पिउने पानीमा छोडिन्छ। रसायनहरूमा ग्यासहरू, द्रव्यहरू र ठोस पदार्थहरू हुन सक्छन्। रसायनहरू मानिसहरू तथा पर्यावरणका लागि हानिकारक हुन सक्छन्। रसायनहरू मानिसहरूले सास फेर्दा, छालामार्फत सोसिँदा वा निलिँदा उनीहरूको लागि हानिकारक हुन सक्छ।

यस्ता रासायनिक आपत्कालीन स्थितिका लक्षणहरूमाथि नजर राख्नुहोस् जस्तैः

- आँखाबाट पानी निस्कनु
- सास फेर्नमा कठिनाइ वा सास रोक्किनु
- यताउती जान वा हिँडडुल गर्नमा समस्या
- भ्रम उत्पन्न हुनु
- हिँडडूल गर्दा झटका लाग्नु
- छाला जल्नु

बिमार वा मृत पक्षीहरू, माछा वा साना जनावरहरूको संख्यामा वृद्धि हुनु रासायनिक आपत्कालीन स्थितिका अर्का लक्षणहरू हुन सक्छन्।

### During a Chemical Emergency

**Listen for reports on the television, radio, social media or Internet.**

- Local or state officials will let you know what signs to look for.
- Officials will tell you whether to stay inside or leave your home.
- If you are told to stay inside:
  - Turn off all furnaces, air conditioners and fans.
  - Close vents.
  - Close and lock all doors and windows.

### रासायनिक आपत्कालीन स्थितिको बेलामा

**टेलिभिजन, रेडियो, सामाजिक सञ्जाल वा इन्टरनेटमा खबरहरू सुन्नुहोस्।**

- स्थानीय एवम् राज्य अधिकारीहरूले तपाईंलाई कस्ता लक्षणहरूमाथि नजर राख्ने भन्ने विषयमा जानकारी दिनेछन्।
- अधिकारीहरूले तपाईंलाई भित्रै बस्ने वा बाहिर निस्कने भनी बताउनेछन्।
- तपाईंलाई घरभित्रै बस्न भनिन्छ भनेः
  - आगोका सबै भट्टीहरू, एयर कन्डिशनरहरू र पंखाहरू बन्द गर्नुहोस्।
  - हावाका निकासहरू बन्द गर्नुहोस्।
  - सबै ढोकाहरू र झ्यालहरू बन्द गरेर ताला लगाउनुहोस्।

**If you feel sick, call your doctor right away or go to the hospital.**

**If you see a chemical release:**

- Leave the area right away.
- Cover your nose and mouth with fabric to filter the air but still allow breathing.
- Find shelter.
    - If the chemical is in a building, leave the building without passing through the chemical. If you cannot leave the building, move as far away as you can from the chemical.
    - If you are outside, find the fastest way to get away from the chemical. If you can tell which way the wind is blowing, move in the opposite direction or upwind. If you cannot stay upwind or get away from the chemical, go inside a building.
- Call the police if they are not aware of the chemical emergency.

**If you have gotten some chemical on you or you think you may have gotten some chemical on you:**

- Take off your clothes and put them in a plastic bag. Seal the bag tightly.
- Take a shower or wash your skin and hair well with soap and water. Do not scrub the chemical into your skin. If outside, look for a hose or any source of water.
- Put on clean clothes.
- Seek medical care if you have signs of a chemical emergency.

**तपाईं बिरामी महसुस गर्नुहुन्छ भने तुरुन्तै आफ्ना डक्टरलाई फोन गर्नुहोस् वा अस्पताल जानुहोस्।**

**तपाईंले रासायनिक चुहावट देख्नुहुन्छ भनेः**

- त्यो ठाउँबाट तुरुन्तै निस्कनुहोस्।
- तपाईंले आफ्नो मुख र नाकलाई हावा फिल्टर गर्न लुगाले छोप्नुहोस् तर सास फेर्न सकिनेगरि बाँध्नुहोस्।
- ओत लाग्ने ठाउँ खोज्नुहोस्।
    - रसायन भवनभित्र छ भने रसायनतिर नगइकन भवनबाट बाहिर निस्कनुहोस्। भवनबाट निस्कन सक्नुहुन्न भने रसायनबाट जति टाढा जान सक्नुहुन्छ जानुहोस्।
    - तपाईं बाहिर हुनुहुन्छ भने रसायनबाट टाढा जानका लागि सबैभन्दा तेजीले जान सकिने बाटो पहिल्याउनुहोस्। हावा कतातिर बगिरहेको छ भनी पत्तो लगाउन सक्नुहुन्छ भने हावाको प्रवाहको विपरित दिशामा अथवा उल्टोतिर दौडनुहोस्। तर तपाईं हावाको प्रवाहको विपरित दिशामा रहन सक्नुहुन्न वा रसायनबाट टाढा जान सक्नुहुन्न भने भवनभित्र पस्नुहोस्।
- प्रहरीलाई रासायनिक आपत्कालीन स्थितिबारे थाहा छैन भने प्रहरीलाई कल गर्नुहोस्।

**तपाईंमाथि केही रसायन परेको छ वा केही रसायन परेको हुन सक्छ भनी सोच्नुहुन्छ भनेः**

- आफ्ना लुगाहरू फुकाल्नुहोस् र तिनलाई प्लास्टिकको ब्यागमा राख्नुहोस्। ब्यागलाई राम्ररी बन्द गर्नुहोस्।
- नुहाउनुहोस् वा आफ्ना छाला र केशलाई साबुन र पानीले राम्ररी पखाल्नुहोस्। रगडेर रसायनलाई आफ्नो छालाभित्र नपसाल्नुहोस्। बाहिर हुनुहुन्छ भने पानीको पाइप वा पानीको कुनै स्रोत खोज्नुहोस्।
- सफ्फा लुगाहरू लगाउनुहोस्।
- तपाईंमा रासायनिक आपत्कालीन स्थितिका लक्षणहरू छन् भने चिकित्सा सेवा हासिल गर्नुहोस्।

If certain chemicals get on people, officials may have them go through **decontamination**. This involves removing clothes and showering to wash the chemicals from the skin. This may be done in a portable shower unit.

मानिसहरूमाथि केही रसायनहरू पर्छ भने अधिकारीहरूले उनीहरूलाई **शुद्धीकरण** प्रक्रियामा लैजान्छन्। यसमा उनीहरूका लुगाहरू फुकाल्नु र छालाबाट रसायनहरू पखाल्नका लागि नुहाइदिने कुराहरू सामेल हुन्छन्। उनीहरूले यो प्रक्रिया सचल नुहाउने युनिटहरूमा गर्दछन्।

© 2007 - September 24, 2019, Health Information Translations.

Content developed through a partnership of the Central Ohio Trauma System, the Columbus Medical Association Foundation, Columbus Public Health, Franklin County Board of Health, Mount Carmel Health, Ohio State University Medical Center and OhioHealth, Columbus, Ohio. Available for use as a public service without copyright restrictions at www.healthinfotranslations.org.